**स्थानीय सञ्चित कोष :** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

घरपझोङ गाउकार्यपालिकाको कार्यालय,मुस्ताङ
आय व्ययको विवरण
**आर्थिक वर्ष२०७५।०७६**

| आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित | | वास्तविक आय | शीर्षक | वार्षिक वजेट | खर्च |
| संघीय सरकार | | २१,१५,२१,९०२.०० | १९६३६४५८१.६१ | पारिश्रमिक कर्मचारी | ५५५७९०००.०० | ५४६६४५८३.७८ |
| समानिकरणअनुदान | ६,००,००,०००.०० | | ६००००००००.०० | पारिश्रमिक पदाधिकारी | ३२९१०००.०० | ३२३७०००.०० |
| सशर्त अनुदान | १२१५२१९०२.०० | | ९६८२८०००.०० | पोशाक | ५९६०००.०० | ५१८४००.०० |
| स्थानीय पुर्बाधार बिकास कार्यक्रम | ११००००००.०० | | ११००००००.०० | | ११००००००.०० | |
| झोलुङगेपुल | १५५००००.०० | | १५५००००.०० | | १५५००००.०० | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | २२९२०००.०० | | १७३७५०९.०० | | | |
| सामाजिक सुरक्षा | ६७५००००.०० | | ६७५००००.०० | | | |
| सेवा निबृत्त औषधी उपचार | ६३२३१८.०० | | ६३२३१८.०० | | | |
| सेवा निबृत्त संचित बिदा | ४३१५८२.०० | | ४३१५८२.०० | | | |
| स्थानीय सासन तथा सा.बि.का. | ३०५००० | | ३०५०००.०० | | | |
| प्रदेश तथा स्थानीय तह क्षमता बि.का. | ३०५००० | | २१५६००.०० | | | |
| अन्य आय | ३००००००० | | १४९७४१७२.६१ | स्थानीय भत्ता | २४४००००.०० | २३८४५२५.०० |
| **प्रदेश सरकार** | | **११५९८०००.००** | **११६५७८००.००** | महंगी भत्ता | ६७३०००.०० | ५२९६२९.०० |
| समानिकरण अनुदान | ११२९३०००.०० | | ११२८७८००.०० | फिल्ड भत्ता | ११००००.०० | ६७५०.०० |
| अन्य अनुदान | **३७००००.००** | | **३७००००.००** | कर्मचारीको बैठक भत्ता | ९०००००.०० | ५३७५००.०० |
| **राजश्व वाडफाड** | | **७८०००००.००** | **९६१८०४२.६३** | कर्मचारी प्रात्साहन तथा पुरस्कार | ५०००००.०० | २४००००.०० |
| वन रोयल्टी | १०००००.०० | | ०.०० | अन्य भत्ता | ११००००.०० | २१६००.०० |
| खानी रोयल्टी | ५०००००.०० | | २१६७४०९.४६ | पानी तथा विजुली | २०००००.०० | १३८०८२.५५ |
| जलस्रोत रोयल्टी | ३००००००.०० | | ०.०० | संचार महसुल | ४१६०००.०० | १११७१०.०० |
| पर्वतारोहण रोयल्टी | ६०००००.०० | | ०.०० | इन्धन (पदाधिकारी) | ३०००००.०० | १२०७०६.०० |
| पदयात्रा रोयल्टी | ३००००००.०० | | ०.०० | इन्धन (कार्यालय प्रयोजन) | ३०००००.०० | २०७४५१.०० |
| पर्यटन सेवा शुल्क रोयल्टी | ३०००००.०० | | ०.०० | सवारी साधन मर्मत खर्च | ४०००००.०० | ३७६००८.०० |
| घरजग्गा रजिष्ट्रिशन दस्तुर | ३०००००.०० | | ९९३८२९.५० | बिमा तथा नवीकरण खर्च | १०००००.०० | १०००००.०० |
| अन्य बाडफाड हुने राजस्व | | | ६४५६८०३.६७ | निर्मित सार्वजनिकसम्पत्तिको मर्मत सम्भार खर्च | ८०००००.०० | ०.०० |
| आन्तरीक श्रोत | | ३४१२८७३१.०० | ३३९०३९४५.०८ | मसलन्द तथा कार्यालय सामग्री | १६४८०००.०० | १३८४७३५.०० |
| व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर | ५०००००.०० | | ११०५५०.०० | इन्धन अन्य प्रयोजन | १५००००.०० | ३८८००.०० |
| संस्थागत सम्पतीमा लाग्ने वार्षिक कर | १०००००.०० | | ०.०० | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००.०० | ९९४४०.०० |
| भूमिकर,मालपोत | ३०००००.०० | | ४२००८७.०० | सेवा र परामर्श खर्च | ३०५०००.०० | ३०५०००.०० |
| घरबहाल कर | ५०००००.०० | | १५६००६१.०१ | करार सेवा शुल्क | ८००००.०० | ०.०० |
| वहाल विटौरी कर | ५००००.०० | | ०.०० | अन्य सेवा शुल्क | २४००००.०० | ०.०० |
| सवारी साधन कर सवारी दर्ता, वार्षिक सवारी कर तथा प६के सावारी कर | ५०००००.०० | | १४०००.०० | कर्मचारी तालिम खर्च | ३०२०००.०० | २९७८५०.०० |
| सिनेमा/डकुमेन्ट्री | १०००००.०० | | २६०००.०० | सीप विकास, जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च | १७५९८६०.०० | १५९७५१४.०० |
| विज्ञापन कर | ५००००.०० | | ०.०० | कार्यक्रम खर्च | ६८८५११४०.०० | ४६३३६०४३.७० |
| व्यवसाय रजिष्टेशन दस्तुर | २००००००.०० | | १०७२४०२.०० | विविध कार्यक्रम खर्च | १०२०००.०० | ४००००.०० |
| अखटेपहरमा लाग्ने कर | २००००.०० | | ०.०० | अनुगमन, मूल्याकंन खर्च | ८३००००.०० | २९४९८७ |
| अन्य कर | १४५०००.०० | | २१८४२.०० | भम्रण खर्च | २०५००००.०० | १४४६०८९.०० |
| सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १००००००.०० | | ५६४४४.०० | विविध खर्च | ११२४०००.० | ७५६८९०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ५०००००.०० | | ४२०८१२.०० | सभा सञ्चालन खर्च | ३०००००.०० | २३९२६०.०० |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ३००००.०० | | ०.०० | सशर्त अनुदान | २१००००००.०० | २१००००००.०० |
| | | | | | | |
| सरकारी सम्पत्तिको विक्रीवाट प्राप्त रकम | २५०००.०० | | ०.०० | अन्य संस्थालाई सशर्त पुजीगत अनुदान | ३०००००.०० | २९८९४६.०० |
| अन्य विक्रीबाट प्राप्त रकम | १००००.०० | | ५०५००.०० | सामाजिक सुरक्षा | ६७५००००.०० | ६७५००००.०० |
| अन्य सेवा शुल्क तथा विक्री | | | ५३२८०.०० | छात्रवृत्ति | ७००००.०० | ७००००.०० |
| परिक्षा शुल्क | ५०००.०० | | ०.०० | सेवा निवृत्तिको संचित विदा | ४३१५८३.०० | ४३१५८२.४० |
| यातायात क्षेत्रको आम्दानी | २५००००.०० | | ०.०० | सेवा निवृत्तिको औषधी उपचार | ६३२३१९.०० | ६३२३१८.४० |
| अन्य प्रशासनिक सेवा शुल्क | ५००००.०० | | १४१६४०.०० | घर भाडा | ५४००००.०० | ३४५०००.०० |
| पार्किङ्ग शुल्क | २५००००.०० | | २६२०००.०० | पूंजिगत तर्फ : | ९८१०७६४७.०० | **८७७२६८८२.०० ** |
| नक्सापास दस्तुर | ५००००.०० | | १७९७८.०० | भवन निर्माण | १५०००००.०० | १५०००००.०० |
| सिफारिस दस्तुर | १०००००.०० | | ७०४४०.०० | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १४३३८०००.०० | १३९३८०००.०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००.०० | | ६४३०.०० | फर्निचर तथा फिक्चर्स | १२५०००.०० | १२५०००.०० |
| नाता प्रमाणीत दस्तुर | ५००००.०० | | १४२६८.०० | सवारी साधन | ५०००००.०० | ४९९०००.०० |
| अन्य दस्तुर | ३०००००.०० | | १५७३८७९.५० | मेशिनरी तथा औजार | १९४००००.०० | १८९५६८२.०० |
| न्यायिक दण्ड, जरिवाना र जफत | १५००.०० | | १५००.०० | सडक तथा पुल निर्माण | १३६३०००.०० | ९६८९९९.०० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००.०० | | ८७६१००.६० | खानेपानी संरचना निर्माण | ३२५००००.०० | ३१५००००.०० |
| प्रदुषण नियन्त्रण शुल्क | ५०००.०० | | ०.०० | सरसफाई संरचना निर्माण | १५५००००.०० | १५५००००.०० |
| गत वर्षको नगद तथा वैक मौज्दात | २७१३५२३१.०० | | २७१३५२३०.९७ | अन्य सार्वजनिक निर्माण | ६९२४१६४७.०० | ६०७३५२३८.०० |
| दाखिला बांकि कर | | | ३३४९४२.७० | पुजीगत सुधार खर्च सार्वजनिक निर्माण | २३०००००.०० | २३०००००.०० |
| | | | | पूजीगत अनुसन्धान तथा परामर्श | २००००००.०० | १०६४९६३.०० |
| | | | | वैक मौज्दात | | २१२३३२०८.१९ |
| | | | | कोलेनीका फिर्ता | | १६२६०८२१.०० |
| जम्मा | | **२६६५५८६३३.००** | **२५१८७९३१२.०२** | **जम्मा** | **२५३४८८५४९.००** | **२५१८७९३१२.०२** |

## लेखापरिक्षणको व्योहोरा

| दफा | गो.भौ.नं./मिति र व्यहोरा | रकम |
|---|---|---|
| | **परिचय :** स्थानीय तहको कार्य संचालन नेपालकोसंविधान २०७२ को भाग ५ मा व्यवस्था भए अनुसार राज्यको संरचना गर्ने क्रममा ७५३ स्थानीय तह कायम हुने घोषणा भई मिति २०७३।११।२७ मा राजपत्रमा प्रकाशित भए अनुसार यस गाउँपालिका स्थापना भएको हो यस गाउँपालिका अर्न्तगत ५ वटा वडा कार्यालय रहेका छन् । यसको गाउँपालिकाको केन्द्र जोमसोममा रहेको छ । | |
| १. | **वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्दछएवं प्रचलित कानुन पालना गरीएको छभन्ने कुरामा विश्वस्त हुनुपर्ने र सोहि नियमावलीको नियम ५ बमोजिम कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ ।यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो :<br>• वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)<br>• जिन्सी मालसमानको लिलाम/मर्मत नभएको | |

| | | |
|---|---|---|
| | व्यवसायीले निर्माणको काम गरी मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएकोमा ती निर्माण व्यवसायीहरुले आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई नन फाइलर देखाएको हुँदा मूल्य अभिबृद्धि कर रु.३,६३,९७२।१६ समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नु पर्ने रु... | ३,६३,९७२।१६ |

| गो.भौ.नं/ मिति | नाम | विजक नं./ मिति | बिल रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|
| **समानीकरण अनुदान चालुतर्फ** | | | | | |
| १४६-२०७६।३।३० | मुक्ति कन्स्ट्रक्सन (३०२४८७४५९) | २७-२०७६।३।३० | ३,१७,८५२।- | ४१३२१ | Non filer since 2076/M/3 |
| १४९-२०७६।३।३१ | तुफान कन्स्ट्रक्सन (३०२३४२९३८) | ०१-२०७६।३।३० | २१,९६,४००।- | ३२२६५१.१६ | Non filer since 2076/M/3 |
| | | जम्मा | | ३६३९७२.१६ | |

| | | |
|---|---|---|
| ४९. | **बिल भर्पाइ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम रु.८,१०,५३५।- बिल, भर्पाइ संलग्न नगरी भुक्तानी दिएको हुँदा रकम बुझेको भर्पाइ पेश गर्नुपर्ने रु... | ८,१०,५३५।०० |

| भौ.नं./मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **समानीकरण अनुदान चालुतर्फ** | | | |
| १२-२०७५।६।२३ | घरधनी महेन्द्र बहादुर थकालीलाई वडा नं. ४ को कार्यालय भवनको असोजको घरभाडा बुझाएको | १५००० | |
| १४-२०७५।६।२४ | घरधनी महेन्द्र बहादुर थकालीलाई वडा नं. ४ को श्रावण र भाद्रको कार्यालय भवनको घरभाडा बुझाएको | ३०००० | |
| १२९-२०७६।३।२४ | पशु विकास शाखा तर्फको खोप, मिनरल मिक्स्चर, सर्जिकल तथा ल्याब सामान, औषधि आदि खरिद गरेको तर सम्बन्धित सेवा केन्द्र वा सेवाग्राहीलाई बुझाएको भर्पाई नभएको | ४०४९४५ | |
| १३२-२०७६।३।२५ | कृषि तर्फ विभिन्न विउ विजन तथा सामाग्री खरिद गरी बुझाएको भर्पाई नभएको | ३२८९५० | मागमा आधारित कार्यक्रम भए पनि माग संकलन गरेको र सोहि बमोजिम वितरण गरे नगरेको प्रमाण पेश नभएको |
| ९-२०७५।९।१२ | पाण्डे कम्प्यूटर प्रशिक्षण तथा मर्मत सेन्टर बाट प्रिन्टर आदि खरिद गरेको बिल पेश नभएको | ३१६४० | |
| | | ८१०५३५ | |

| | | |
|---|---|---|
| ५०. | **आर्थिक सहायता** : औचित्य र आवश्यकतालाई ध्यान राखी गाउसभावाट पारीत गराई आर्थिक सहायताको लागि निश्चित मापदण्ड को आधारमा कार्यविधि वनाई आर्थिक सहायता दिनुपर्ने देखिन्छ । | |

| भौ.नं./मिति | सहायता प्राप्त गर्नेको नाम | विवरण | रकम |
|---|---|---|---|
| ४३-२०७५।१२।८ | सभद्रा-मदन फाउण्डेशन, दिक्तेल-५, खोटाङ | पदाधिकारी तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमणका क्रममा | १०,०००।- |
| ४४-२०७५।१२।८ | थकाली सामुदायिक होम स्टे | होम स्टेमा आबद्धहरुका लागि अवलोकन भ्रमणका लागि | २,००,०००।- |
| विपन्न विरामी सहायता कोष | धन कुमारी वि.क. (वडा नं. ४) | विपन्न विरामी सहायता कोषबाट वडा अध्यक्षको सिफारिस बमोजिम | ७,०००।- |
| | आईत वि.क. (वडा नं. ५) | विपन्न विरामी सहायता कोषबाट वडा अध्यक्षको सिफारिस बमोजिम | ७,०००।- |
| | सुक बहादुर वि.क. (वडा नं. ४) | विपन्न विरामी सहायता कोषबाट वडा अध्यक्षको सिफारिस बमोजिम | ७,०००।- |
| १७-२०७५।७।१३ | गाउँपालिका राष्ट्रिय महासंघ | अधिवेशन सहयोग शुल्क बापत रु.६,०००।- तथा वार्षिक सदस्यता शुल्क बापत रु.२०,०००।- | २६,०००।- |
| १३३-२०७६।३। | मुस्ताङ सामुदायिक दन्त सेवा केन्द्र | सन्चालन अनुदान | ३,००,०००।- |

| | | |
|---|---|---|
| ५१. | **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले | |

| | | |
|---|---|---|
| | पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्नसक्ने व्यवस्था छ भने नियम ३१ मा बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ। गो भौ नं.१४८-२०७६।३।३१ (गा.पा. अनुदान चालु) तथा ४०-२०७६।३।२८ (पुँजीगत) बाट कृष्ण गण्डकी कृषक समूहमार्फत सम्झौता गरी ३० थान मिनि टेलर र ८ थान घाँस काट्ने मेशीन ५० प्रतिशत अनुदान दिई खरिद गर्ने कार्य गरेकोमा तीन फर्मसँग दरभाउपत्र माग गरेर प्रकृति कृषि सामाग्री स्टोर, थासाङसँग सम्झौता गरी रु.३०,१६,०००।- मा खरिद गरिएको छ। नियमावलीले तोकेको सीमाभन्दा बढी रकमको खरिद कार्य सोझै गरी अनियमित देखिएको रु.... | ३०,१६,०००।- |
| ५२. | ५०-२०७५।१२।१३, मागमा आधारित आकष्मिक समस्या निदान अभियान अन्तर्गत विभिन्न कीटनाशक विषादी खरिद गरी वितरण गरेको भर्पाईसमेत संलग्न गरी रु.२,००,०००।- खर्च गरेकोमा माग संकलन सम्बन्धी कागजात पेश नभएको। | २,००,०००। |
| ५३. | यस वर्ष कृषि तथा पशु विकास कार्यक्रम शिर्षकमा रु.३,८३,२१०।०० विनियोजन भएकोमा जम्मा रु ३,८३,२१०।०० खर्च भएको श्रेस्ताले देखाएको छ। पालिकाले अनुदान प्राप्त गर्ने लाभग्रही हरुको अभिलेख विवरण अद्यावधिक गरेको पाईएन। यो वर्ष भरी सञ्चालन भएको कार्यक्रमको अवस्था के कस्तो रह्यो सोको अनुगमन प्रतिवेदन पेश तथा प्रगति समिक्षा गरेको देखिएन। यस वर्ष पशु विकास कार्यक्रम तर्फ पशुपालक कृषकहरुलाई, गाई, बाख्रा,च्याङ्गा को औषधि वितरण लगायतका कार्यक्रमहरु सञ्चालन भएको देखिएकोमा वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पायो भन्ने एकिन गर्न सकिएन। तसर्थ यि विषयहरुमा सुधार हुनुपर्दछ। अनुदान वितरण बाट ति कृषकको जिवनस्तरमा कस्तो सुधार आयो, गत वर्ष र आगामी आर्थिक वर्षमा एउटै लाभग्राही दाहोरीने सम्भावनालाई मध्यनजर गर्दै अनुदान पाउने लाभग्राही हरुको अभिलेख राख्नुपर्ने देखिन्छ। वर्ष भर भएका कार्यक्रमहरुको प्रगतिबारे समिक्षा हुनुपर्दछ। | |

